## हाम्रो अभिमत

सूचना विभागबाट लोकल्याणकारी विज्ञापन प्राप्त गर्न प्रेस काउन्सिल, नेपालद्वारा प्रत्येक वर्ष आयोजना गरिने वितरण संपरीक्षण मापदण्ड पूरा गर्नुपर्छ । यसअघि यस्तो मापदण्ड समाचारमूलक र विधागत पत्रिकाका लागि एउटै थियो । व्यापारिक र व्यावसायिक रुपमा चलेका समाचारमूलक र विधागत पत्रिकाले पूरा गर्नुपर्ने सर्त एउटै हुदा हात्तीसाग कमिलाले प्रतिस्पर्धा गरेजस्तै थियो । यस्तो अतुलनीय र असमानजनक अवस्थाको अन्त्य हालै भएको छ । प्रेस काउन्सिल, नेपालले २०६४/६५ का लागि समाचारमूलक र विधागत पत्रिकाको छुट्टाछुट्टै वर्गीकरण मापदण्ड निर्धारण गरेर प्रशंसनीय कदमको थालनी गरेको छ । विधागत पत्रिकामध्ये पनि साहित्यिकले अन्यसाग प्रतिस्पर्धा गर्न नसक्ने तथ्यलाई हृदयङ्गम गरी छुट्टै मापदण्ड तोकिएकोले यो अझ वैज्ञानिक र यथार्थपरक छ ।

विधागत पत्रिकालाई चार वर्गमा वर्गीकरण गर्न १०० पूर्णाङ्क तोकिएको छ । जसअनुसार ६५Ü भन्दा माथि ‘क’, ५० देखि ६४Ü सम्म ‘ख’, ३५ देखि ४९Ü सम्म ‘ग’ र ३५Ü भन्दा कम अङ्क प्राप्त गर्नेलाई ‘घ’ मा वर्गीकरण गर्ने प्रावधान छ । १०० पूर्णाङ्कलाई पनि साहित्यिकका लागि छुट्टै मूल्याङ्कन आधार तोकिएको छ । १०० पूर्णाङ्कमध्ये पहिलो समूहको ६५ अङ्कमध्ये वितरण परिमाणमा ५०, निरन्तरतामा १० र पृष्ठसङ्ख्यामा ५ अङ्क निर्धारण गरिएको छ । दोस्रो समूहको ३५ अङ्कमध्ये विषयवस्तुमा १५, भाषामा १० र छपाइ/साजसज्जामा १० अङ्क छुट्ट्याइएको छ ।

सरसर्ती हेर्दा काउन्सिलद्वारा निर्धारण गरिएका मापदण्ड समायानुकूल र वैज्ञानिक छ । तर अझै यथार्थपरक हुन बााकी छ । मूल्याङ्कन संपरीक्षणका लागि चाहिने न्यूनतम आधारका रुपमा विधागत पत्रिकाले उपत्यकाभित्र कम्तीमा १ हजार र बाहिर ५ सय प्रति प्रकाशित गर्नुपर्छ । यसलाई आधार मानी ५ सय प्रतिको वितरणमा ५ अङ्कका दरले बढीमा ५० अङ्कसम्म दिने व्यवस्था छ । अन्य व्यवस्था यथार्थपरक भए पनि यही सर्तले गलत विवरण पेस गर्न बाध्य पार्न सक्छ । त्यसो त पेस गरिएका विवरणको सत्यता परीक्षण गर्ने व्यवस्था नभएको होइन । यसका लागि प्रेस निरीक्षणदेखि बजार सर्वेक्षणसम्मको व्यवस्था छ । यसका साथै पेस गरिएका विवरणलाई काउन्सिलको वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्थासमेत छ ।

साहित्यिक पत्रिकाको वास्तविक अवस्थालाई दृष्टिगत गर्दा तोकिएको प्रति निकाल्ने कमै भेटिएलान् । संस्थागत रुपमा निस्किने एकादुईले उक्त सर्त पूरा गर्न सके पनि व्यक्तिगत प्रयासमा निस्किने पत्रिकाका लागि घााटीमा अड्केको हाड नहोला भन्न सकिन्न । यसले गर्दा गलत तथ्याङ्क पेस गर्नुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना नहोला भन्न सकिन्न । यस्ता बाध्यात्मक अवस्थाको सरलीकरण गर्न सकिन्थ्यो । यसका लागि बाध्यात्मक अनिवार्य सर्त थोपर्नुको सट्टा खुकुलो प्रावधान अपनाएको भए हुन्थ्यो । जसअनुसार वितरित प्रति १ सयका लागि १/१ अङ्क दिने प्रावधान राखिएको भए निर्धारित पूर्णाङ्कभित्रै सरल र सहज व्यवस्था लागू गर्न सकिन्थ्यो । यसले गर्दा एकातिर साहित्यिक पत्रिकाहरु सत्यतथ्य विवरण उपलब्ध गराउन उत्प्रेरित हुन्थे र स्तरवृद्धिमा क्रियाशील हुन्थे ।

यथार्थपरक र वस्तुपरक हुन उत्प्रेरित गर्ने यस्ता प्रावधानउपर भविष्यमा काउन्सिलको ध्यान जानेछ । यसबाहेक अन्य आधारहरु सामान्यतः समयोचित र वस्तुपरक छन् । यसले गर्दा थला परेको साहित्यिक पत्रिकालाई बामे सर्न सघाउाछ । लोकतान्त्रिक सरकारले दिएको यो उदाहरणीय उपहारका लागि धन्यवाद भन्न कञ्जुस्याइ गर्नुपर्ने आवश्यकता छैन ।

प्रधान सम्पादक

## विशाल मन

ठाकुरमान लामा

विशाल मन कसैको छ ?
तिमी भन्छौ -तिम्रो छ ।
उ भन्छ -उसको छ ।
शायद म पनि भन्छु -मेरो छ ।
तर गर्वसाथ छाती फुलाएर
कसैले भन्न सक्दैन
कि मेरो मन विशाल छ ।

पैसा हुनेले
केही मगन्तेहरुलाई जम्मा पारेर
केही पैसा उनीहरुको
पटुकोमा फ्याकिदिदैमा
वा
आफ्नो प्रसिद्धि दर्शाउन
आफ्नो नाममा च्यारिटी
खोलिदिदैमा
वा
समाजसेवकको ढोंग रची
केही विधार्थीलाई
छात्रवृत्ति
उनीहरुका हाथमा
थमाइदिदैमा
वा

आफ्नो शान देखाउन
ठूला -ठूला भोजभतेर
भव्य आलिशान महलमा
आयोजना गर्दैमा
वा
आफ्नो पहाचको भान दिलाउन
केही आफ्ना नातागोतालाई
पैसा हुनेखाने ठाउमा
पद दिलाईदिदैमा
विशाल मन छ मेरो
भन्न कदापि
सुहाउदैन ।

विशाल मन
त्यति बेला हुन्छ
जब
मनमा
न त रिसराग
न त वैमनस्य
न त इर्ष्या
न त भेदभाव
न त पाप
अरुप्रति
चिताएको हुन्छ ।

विशाल मन
त्यति बेला हुन्छ
जब
मनले
आफ्नो धर्म
आफ्नो कर्म
भन्दा माथि उठेर
अरुकै स्वार्थलाई
ठूलो ठान्दछ ।

विशाल मन
त्यति बेला हुन्छ
जब
मनमा
आफ्नो स्वाभिमान
आफ्नो मान इमान
आफ्नो ज्यान
देश र जनताको
लागि समर्पित
हुन जागृत हुन्छ ।

विशाल मन
त्यति बेला हुन्छ
जब
मनमा
आफूले गरेको काम
आफूले गरेको कर्तव्य
लाई तुच्छ ठानी
सदैव
मिली सबैसित
अरुकै हित
हुन प्रेरित हुन्छ ।

विशाल मन
त्यति बेला हुन्छ
जब मनमा
आफ्नो मन विशाल
छ भन्ने

सोच, भावना
परित्याग भएको हुन्छ ।

Email : lamathakur@yahoo.com

तीन सेदोका

विष्णुबहादुर सिंह
पो.ब.नं. १९८६, काठमाडौा

१.
भूगोलपार्क
हातहरु चलाई
कम्मरमा छामेर
एउटा कुनो
ओठहरु कामेर
नोटहरु साटिए ।

२.
लाजको घुम्टो
तिम्रो मुहारभित्र
बनेको छ पवित्र
मुस्कानसाग
लुकेको तिम्रो चित्र
भविष्यकै त्यो मित्र ।

३.
नदीको नाउा
फोहोरको भेलमा
पवित्रता जेलमा
वाग्मती नदी
कथा -व्यथा सम्फेर
आासु बल्फिादै रुादै ।

केही हाइकु

दामोदर पुडासैनी ‘किशोर’
काठमाडौा

रूकेको घाम
काडा फैलेको बाटो
नेपाली गति ।

परेवा जोडी
तिम्रो शीतल साथ
बााच्नुको मजा ।

प्रचण्ड गर्मी
सबै बाटो शीतल
साहसीसामु ।

गर्मीको घाम
लुक्न छहारी खोज्छ
मायाको स्पर्श ।

घामको यात्रा
हार्छन् डाडासाफ
जीत जिन्दगी ।

घाम नै लुक्छ
तिमी एक्ली भेटियौ
साटेर स्पर्श ।

हरेक पल
रङ्गीन फूलभित्र
तिमी नै भेटा ।

हाम्रो मायाफै

शीतल होस् सुगन्धी
नूतन वर्ष ।

चिसो मौसम
कत्ति न्यानो र मीठो
तिम्रो सम्झना ।

तनमा रङ
मन प्रेम तरङ्ग
हर्ष होस् होली ।

असार मर्छ
बिनाझरी बादल
उदास माया ।

छाया होइन
जागा मूल चाहियो
उछाल्न माया ।

गजल

राधा स्मृति
फिदिम १, पााचथर

अन्यायको राज्य देख्दा मुटु जल्न थाल्यो
चारैतिर अन्यायको आगो बल्न थाल्यो ।

जता जान्छु धराप र बारहरु भेट्छु
अघि बढ्न नसकेर मनै गल्न थाल्यो ।

चारै दिशा कोलाहल अशान्तिको राज्य
के होला यो नेपालमा युद्ध चल्न थाल्यो ।

लक्ष्य यस्तो हैन, देश अन्तै मोडिदै छ
जनताको रगतले युद्ध मल्न थाल्यो ।

सगरमाथाभन्दा माथि कतै पुग्नुपर्थ्यो
नेपालीको स्वाभिमान दिनै ढल्न थाल्यो ।

एकाङ्की

छलछाम छात्ते छ पार्टी



नन्दलाल आचार्य

जन्म/स्थान : २०३०/०३/२८ ठोक्सिला -जहडा, उदयपुर
स्थायी ठेगाना : तपेश्वरी - १, गल्फडिया, उदयपुर
शैक्षिक योग्यता : बी.ए.बी.एड. (नेपाली), एम.एड. (अध्ययनरत)
सम्प्रति : प्रधानाध्यापक, लिटल फ्लावर मा.वि.
राजविराज -९, सप्तरी
प्रकाशन : स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा साहित्यिक रचनाहरु प्रकाशित ।

पात्रहरु
१. अध्यक्ष - छट्टुराज
२.उपाध्यक्ष - छत्तीसमान
३.सचिव - छयालीसबहादुर
४.सह -सचिव - छरितकुमार
५.सदस्य - छन्नुलाल

६.सदस्य - छक्कमाया

(घरधनीलाई जबरजस्ती भगाएको भव्य घरको सुन्दर कोठा छ । आधुनिक सजावटले सुसज्जित कोठाका वस्तुहरु यत्रतत्र छन् । सरसफाइ र वस्तुको उचित रखाइको अभावमा कोठाले दिनुपर्ने रौनक दिन सकेको छैन । हाँसको बथानमा बकुल्ला उभिएझैं केही न केही अमिल्दो लाग्छ । ७० वर्षे छट्टुराज कसैको प्रतीक्षामा एक्लै बसिरहेका छन् ।)

छट्टुराज - (मनमनै) २००७ सालपूर्व राणाहरुको पाउ मोलेर भए पनि खुसी र सुखी जीवन बिताइयो । २००७ सालपछि अझ सजिलो भो । एउटै संस्थालाई रिझाउन बडो सजिलो । तर अहिले बूढेसकालमा आपत पऱ्यो । पार्टी नखोली धर पाइएन ।

(छत्तीसमानको कक्षमा प्रवेश)

छत्तीसमान - जय छलछाम । जे छ त्यो भन्नै पऱ्यो । अवस्था नाजुक भो । अहंकारी सोच पचाउने जनमानस नभएकोले लोकतन्त्रले निरङ्कुशताका पारखीहरुको ढाड सेक्न थालेको हो । अब हामीले गोप्य षड्यन्त्रको जालो नबुनी धर छैन ।

छट्टुराज - निरङ्कुशतन्त्रको छहारीमा छाती खोलेर बस्न सजिलो थियो । ती दिन गए । अब अर्को रणनीति तय नगरे अस्तित्व धरापमा पर्छ । खै, साथीहरु आइपुग्नुभएन ?

(चारैतिर हेर्छ, चारजनाको एकै साथ प्रवेश ।)

चारैजना - (एकै स्वरले) जय छलछाम । ढिलो भएकोमा मन डराएको थियो । तर अब ढुक्क भयो ।

छट्टुराज र छत्तीसमान - (हात उठाउँदै) जय छलछाम ।

छट्टुराज र छत्तीसमान - ल आजको कार्यक्रम सुरू गरौं । भर्खरै स्थापना गरेको छलछाम छात्ते छ पार्टीका केन्द्रीय सदस्यहरुको यो पहिलो सभामा अध्यक्ष छट्टुराज बिनाछक्कापन्जा यहाँहरुलाई छरितो अभिवादन टक्र्याउँछु । एकै शब्दमा भन्नुपर्दा २००७ सालदेखि हरेक सुखको स्वाद लिँदै र मूर्तिको फस्टाउँदो व्यापारमा संलग्न हुँदै आएको म अब बदलिँदो परिस्थितिमा आफूलाई पनि बदल्न चाहन्छु । जय छलछाम । अब क्रमैसाग परिचय दिँदै जाऔं ।

छत्तीसमान - हामीले भरखरै जन्म दिएको पार्टीको म उपाध्यक्ष छत्तीसमान हुँ । २०३६ साल काण्डको मुख्य खलनायकका नाताले नेपाली जनताको आँखामा मैले निकै छारो हालेँ । सारालाई थाङ्नामा सुताएर राष्ट्रवादीको नाटकमा सफल भएँ । सबैजसो काण्डलाई नजिकबाट छामेर, खेलाएर अनि स्वाद चाखेर प्रौढ मानसिकता बनाएँ । जय छलछाम ।

छयालीसबहादुर - म यस भूमिगत पार्टीको सचिव छयालीसबहादुर हुँ । २०४६ सालदेखि जनता नामका कीराफट्याङ्ग्राहरुलाई भुसुनासरहको दर्जामा आरोपित गर्दै उनीहरुकै रगत चुसेर र पसिना खाएर मोटाएको छु । अहिले आएर खुल्ला राजनीतिक जीवनमा श्वास पनि फेर्न हम्मे परेकोले म यहाँहरुसाग हातेमालो गर्दै अघि बढ्न कम्मर कसेर लागेको छु । जय छलछाम ।

छरितकुमार - म यस गौरवशाली नवस्थापित पार्टीको महासचिव छरितकुमार हुँ । विशेष गरेर ०५९ सालपछिका हरेक अवस्थामा नेपाली जनतालाई अन्यौल, अस्तव्यस्तता र अस्थिर भविष्य हात लगाउन विशेष सल्लाहकारको भूमिका निर्वाह गर्दै आएको थिएँ । खुल्ला आकाशमा चलबलाइयो भने अब सोझासीधा जनताले टुप्पी समातेर बाउको बिहे देखाउलान् भन्ने भयले भूमिगत रुपले म यहाँहरुमाझ उपस्थित छु । जय छलछाम ।

छन्नुलाल - म यस महान् पार्टीको सदस्य छन्नुलाल हुँ । विशेषतः २०६२/०६३ को जनआन्दोलन -२ दमनको अधिकार र शान्ति स्थापनाको ठूलो जिम्मेवारी लिएर तुजुक प्रदर्शन गरेँ । न्वारानदेखिको बल झिकेर सोझा मन भएका जनतालाई अझै सोझाको सोझै राख्न चरम दमनको षड्यन्त्र बुनेँ । साँचो कलम चलाउनेहरुको कलम भाँच्ने काम गरेँ, अर्थतन्त्रलाई टाट पल्टाउन मुख्य भूमिका खेलेँ । भिजिलान्तेहरुको भरणपोषणमा देशको ढिकुटी रित्याएँ । तैपनि सफल भइनँ । जनता निकै चलाख भएछन् । सडकबासी बनाइछाडे । म अहिले सडकबाटै यस पार्टीमार्फत सदनमा पुग्ने उदेश्यका साथ यहाँहरु सामु उपस्थित छु । जय छलछाम ।

छक्कमाया - फोनमार्फत गठन भएको यस क्रान्तिकारी पार्टीकी एक मात्र महिला सदस्य म छक्कमाया हुँ । राज्यले हामीलाई ३३ प्रतिशत अंश दिएकोले म त्यही प्रावधानअनुसार यस पार्टीकी महिला नेतृ बन्न पुगेकी हुँ । अवैधानिक शक्तिलाई वैधानिकता दिन प्रचलित कानुन-नियमानुरुप कार्य हुँदै आएको छ । मेरो मन सोझो भए पनि मेरा पूज्य श्रीमानज्यूको इशाराले जनताको कान बटार्दै मालिकको सेवामा दत्तचित्त भइरहेको कालो इतिहास सबैका सामु भएकोले म अहिले यहाँहरुसमक्ष उपस्थित छु । जय छलछलाम ।

छट्टुराज - यहाँहरु सबैलाई आ-आफ्नो परिचयका लागि धन्यवाद । अब हाम्रो यस सभाका मुख्य एजेन्डातर्फ जाऔं ।

१. सङ्ख्यात्मक रुपले कार्यकर्ता बढोत्तरीसम्बन्धी ।

२. पार्टी तथा कार्यकर्ता लालनपालन र पोषणसम्बन्धी ।

३. अस्थिर राजनीतिक अवस्था सिर्जनासम्बन्धी ।

४. जननेताहरुको राजनीतिक छवि नष्ट गर्नेसम्बन्धी ।

अब यी एजेन्डाबीच चिन्तनमनन गर्दै निष्कर्ष निकालौं ।

(सबैजना सोचमग्न हुन्छन् । एक क्षण सन्नाटा छाउँछ ।)

ल अब म उपाध्यक्ष छत्तीसमानलाई माथिका एजेन्डाले तय गरेका कुरा क्रमैसाग वाचन गरी सहमति खोज्न अनुरोध गर्दछु ।

छत्तीसमान - धन्यवाद, अध्यक्षज्यू । भूमिगत यो भेलामा धेरै समय लिनु उचित नहोला । म निष्कर्ष प्रस्तुत गर्नतर्फ लाग्छु ।

१. एजेन्डा नम्बर १ मा छलफल हुँदा निस्केको निष्कर्ष पार्टीको नीति जनतालाई खेलौना बनाएका, बनाउन सक्ने र बनाउन चाहने कार्यकर्ताको बढोत्तरी गर्ने रहेको छ । यसका लागि जस्तोसुकै नेप्टे,

चेप्टे, ध्वाासे, कलङ्कित व्यक्ति भए पनि हुन्छ । मान्छे हेरेर अरु राजनीतिक दलका बोलक्कड कार्यकर्तालाई भित्री अनुदान दिई सोहर्ने नीति सबैले अवलम्बन गर्ने ।
२. एजेन्डा २ को निष्कर्ष - यसका लागि व्यापक रुपमा चन्दा आतङ्क, अपहरण र फिरौतीलाई मूल मन्त्रका रुपमा अख्तियार गर्ने । आफ्नो अनुकूल नभए जीवन नै स्वाहा पार्दै हिड्ने ।
३. एजेन्डा नम्बर ३ को निष्कर्ष - यसका लागि बन्द, हड्ताल, चक्काजामजस्ता कार्यलाई निरन्तर रुपमा अघि बढाउने । जुन पार्टी वा सङ्घ-संस्थाले अवरोध नपुऱ्याएको दिन आउाछ, क्यालेन्डर हेरेर तीनै दिनहरुमा हाम्रो अवरोधको कार्यक्रम राख्ने । जसले अवरोध तोड्छ, त्यसको सिरिखुरी गर्न तोडफोड, आगजनीजस्ता विध्वंशात्मक कार्यलाई तुरून्त कार्यान्वयन गर्ने ।
४ एजेन्डा नम्बर ४ को निष्कर्ष - अरु राजनीतिक शक्तिलाई सभासम्मेलन गर्न अवरोध पुऱ्याउने । व्यक्तिगत चरित्रमा प्रश्नचिह्न लगाउन षड्यन्त्रमूलक ढंगले पाइला चाल्ने विपक्षीहरुका घर वा कार्यालयमा बम, बारूदजस्ता विष्फोटक पदार्थहरु राखी अर्का विपक्षीले राखेको हो भन्ने भ्रम फैलाउने ।
(छत्तीसमानले निष्कर्ष सुनाउनेबित्तिकै सहमतिस्वरुप सबैले ताली बजाउाछन् ।)
छटटुमान - उपस्थित केन्द्रीय पदाधिकारी साथीहरु, फोन गरेकै भरमा गठन भएको यस पार्टीको पहिलो बैठकमा उपस्थित भएर भावी रणनीतिका बारेमा ठोस निष्कर्ष निकाल्नुभएकोमा म यहााहरु सबैलाई धन्यवाद दिन्छु । अब हामी आजैदेखि धमाधम आफ्ना कार्यमा लागौा । यत्ति भन्दै दोस्रो सभासम्मका लागि यो सभा विर्सजन गरेको घोषणा गर्दछु । जय छलछाम ।
(सबै ताली बजाउाछन् । पर्दा खस्छ ।)

प्रवासी नेपाली साहित्य

## मानचित्रमा देशको खोजी

कपिल अधिकारी
ताइपेई, ताइवान

हिमाल देखाए
मस्किएको, अग्लिएको, झल्किएको
उ दङ्ग पऱ्यो मसाग
कि हिमालय मेरै हो
हिमालय मैले उचालेको हो
जलप लगाएको हो
मन्दिर, दरबार देखाए
ललितकला, शिल्प र शिल्पी
अरनिदेखि अमर चित्रकारसम्म
क्यामरा चलाईरह्यो
उ दङ्ग पऱ्यो मसाग
कि यी सबै मैले बनाएको हाु
बुट्टा कोरेको हाु
म नै अरनिको हाु
हिमालदेखि तराईसम्म
चुच्चेबुच्चेको बयान
संस्कृति र चाडहरु
एकतामा अनेकता
अनेकतामा एकता
चार जाति छत्तीस वर्ण
नीलो रङ शान्तिको रङ ।

रामलक्ष्मण भ्रातृत्व
सीताको, रामको, भृकुटी कहानी
बुद्धदर्शन
अहिंसा र शान्ति
जे देखे पनि दङ्ग पऱ्यो
जे हेरे पनि दङ्ग पऱ्यो
जे सुने पनि दङ्ग पऱ्यो ।

ऊ पर्यटक म पथप्रदर्शक
जाने जति भनो
सुने जति भनो
देखे जति भनो
आफनै माटोको सुगन्ध न हो
अनन्त भनो
उ हिमालमय भयो
उ अरनिकोमय भयो
उ नेपालमय भयो

उ नेपालीमय भयो ।

पटकपटक नेपाल आएपछि
चारै दिशा घुमेपछि
ऊ त मभन्दा बढी नेपाली भयो
म नागरिकता बोकेको नेपाली
दौरा सुरूवालले बेरिएको नेपाली
नेपाली हु भन्ने नेपाली ।

म पनि उसले नागरिकता बोकेको
देशमा पुगेको छु
दोसो विश्वयुद्धको पीडाको चिनो
बर्लिनको चर्च हेरेको छु
म पथप्रदर्शक जस्ताको तस्तै
ऊ पर्यटक रहेन
अब ऊ बोल्न थाल्यो
जङ्गे सालिकलाई घुमेको मन पराएन
गन्डकी, कोसी र कर्नाली त्यसै बगेर खतम
अनि अनिकाल र टुकीबत्ति ?
उसले विरोघ गर्‍यो
चिन्ता व्यक्त गर्‍यो भोलिको
यी दशकअघिका कुरा
इतिहास ।

आज वर्तमान
समाचार नै नेपालमय भएको छ
ऊ मलाई देखाइरहेछ मङ्गलसेन
म्याग्दी, भोजपुर, कान्तिपुर
फलुजा, बुरून्डी, रुवान्डा
गाजा हो कि काबुल
बमगोला, रत्त भेल
ऊ मलाई सोधिरहेछ
खै रामलक्ष्मणको भ्रातृत्व ?
खै बुद्धदर्शन ?
अहिंसा र शान्ति ?
अनेकतामा एकता

खै त्यो नेपाल ?
मानचित्रमा देश छैन
उ मलाई सोधिरहेछ
म मानचित्रमा घोरिरहेछु
नेपाल खोजिरहेछु
ऊ मलाई देखाइरहेछ
खरानीको हिमाल
लाशको पहाड
बारूदको मैदान
उर्लेको रगतको नदी
आसुको कुण्ड
धुवाको मुस्लो
सुकेका र आलो रगतका टाटा मात्र यत्रतत्र
खै पुण्यभूमि ?

देश नै छैन
नेपाल नै छैन
मानचित्रमा देशको खोजीमा छौ ।

(१४।०४।२००४)

भलाकुसारी

## मानवीय जीवन र समाजको भावनीय दस्तावेज नै साहित्य हो

### रोशन थापा 'नीरव'

नेपाली साहित्यमा कथाकारका रुपमा परिचित रोशन थापा 'नीरव'को जन्म काठमाडौ, चावेलको ज्ञानेश्वर-कालोपुलमा भएको हो । बुवा रामबहादुर थापा र आमा शान्तादेवी थापाका पुत्र 'नीरव' कथाका साथै कविता र निबन्धमा पनि सफल छन् । कवितावाट साहित्यिक यात्रा सुरू गरेका

'नीरव' २०५४ सालमा आयोजित 'राष्ट्रिय कविता महोत्सव'मा प्रथम हुनुभएको थियो । २०५७ सालमा 'लघु कविता सम्मान' तथा अन्य साहित्यिक सम्मानबाट पुरस्कृत 'नीरव' साहित्यलाई मानवीय दस्तावेजका रुपमा व्याख्या गर्न रूचाउनुहुन्छ । समाजमा जे देखिन्छ त्यही लेख्ने, लेखेको कृति लेखुन्जेल आफ्नो हुने तर प्रकाशित भएपछि पाठकको सम्पत्ति हुने हुादा पाठकको रूचिलाई विशेष ध्यान दिने कथाकारका दुई कथासङ्ग्रह 'अन्तहिन युद्ध' (२०५७) र 'तेस्रो विश्वयुद्ध' (२०६२) एवं एक उपन्यास 'प्रत्येक श्रवणकुमार अर्थात् युद्ध' (२०६४) प्रकाशित छन् । यसका साथै उहााका उपन्यास र कथासङ्ग्रह प्रकाशोन्मुख छन् ।

नेपाली साहित्यको भविष्य कस्तो देख्नुहुन्छ ?

नेपाली साहित्यको भविष्य त्यति राम्रो पनि छैन नराम्रो पनि छैन । अर्थात् सामान्य खालको छ । साहित्यमा पनि विश्वव्यापीकरण देखिएको छ । जसको प्रभाव नेपाली साहित्यमा पनि परेको छ । जसले आशा त पलाउाछ तर विशुद्ध नेपाली साहित्यलाई माया गर्ने पाठक र बजारको व्यवस्था ठूलो छैन, जुन दुःखलाग्दो छ ।

यसमा दोष कसको देख्नुहुन्छ ?

साहित्यकारको नै बढी देखिन्छ । धेरै हदसम्म साहित्यकारहरु झुन्ड-झुन्डमा बाडिएका छन् अर्थात् गुटबन्दी छ । जसमा शक्ति बढी छ उसैको बोलवाला रहादै आएको देखिन्छ । यसले गर्दा राम्रा साहित्यकारहरु पनि पछि परेका छन् ।

नेपाली साहित्यमा आफ्नोपन देखिादैन् भनिन्छ । यसलाई कत्तिको मान्नुहुन्छ ?

हुादै नभएको चाहि होइन । तर यसलाई तुलना गर्दा पाश्चात्य साहित्यसाग तुलना गर्ने गरिन्छ । जस्तो बालकृष्ण समलाई सेक्सपियरसाग तुलना गरिन्छ । जुन अतिरञ्जना मात्र होइन जस्तो लाग्छ । अरुसाग नाम जोड्दा एउटा त्वबमभ :बचप बन्छ भनेर पनि यसो गरिएको होला । जुन राम्रो पनि होइन, नराम्रो पनि होइन ।

तपाईको साहित्यिक नाम 'नीरव' राख्नुको कारण र अर्थ के हो ?

'नीरव'को अर्थचाहि चुपचाप भन्ने हुन्छ । यो साहित्यिक नाम मैले ३४।३५ सालतिर राखेको हु । शान्तिप्रिय भएको कारण शान्त ठाउामा बसेर साहित्य सृजना गर्छु भनेर नै यो नाम राखेको हु ।

तपाईको मूख्य विधाचाहि कुन हो ?

२०३९ सालमा कविता लेखनबाट मेरो साहित्यिक यात्रा सुरू भएको हो । ४० सालदेखि कथा लेख्न थालो । पछि निबन्ध लेख्न थालो । मचाहि आफूलाई कथाकारका रुपमा हेर्छु ।

साहित्य लेख्ने प्रेरणा कोबाट पाउनुभयो ?

मेरा बुबा चित्रकार हुनुहुन्थ्यो । उहाा चित्रका साथै कविता पनि कोर्नुहुन्थ्यो । मलाईचाहि कविता अर्थात् साहित्यको प्रभाव पर्‍यो । त्यसैले मेरो साहित्यिक प्रेरणास्रोत बुबा नै हुनुहुन्छ ।

कथा के हो ?

कथा भनेको मानव जीवन र चरित्रको एक अंशको चित्रण हो ।

साहित्यचाहि के हो ?

मानवीय जीवन र समाजको समग्रतालाई भावनीय दस्तावेजका रुपमा साहित्यलाई लिन सकिन्छ ।

साहित्यले समाजलाई के दिनुपर्छ ?

साहित्यले समाजलाई के दिनुपर्छ भन्दा पनि समाजले केचाहि लिने हो सो महत्वपूर्ण कुरा हो । कसैले रामायण पढेर रामलाई मर्यादापुरुषका रुपमा बझ्छ । कसैले रावणलाई दार्शनिक र महान् देख्छ ।

पहिले र अहिलेको साहित्यमा फरक र समानता के देखिन्छ ?

पहिले भावनात्मक अभिव्यक्तिका रुपमा साहित्यलाई लिइन्थ्यो । स्तरीय रचना मात्र प्रकाशित हुन्थे । तर अहिले कमशल खालका रचनालाई पनि शक्तिको प्रयोग गरी बढाईचढाई गरेर छाप्ने अनि प्रचारप्रसार गर्ने-गराउने प्रवृत्ति देखिन्छ ।

नेपाली साहित्यमा पुरस्कारको प्रवृत्ति कस्तो छ ?

साहित्यकारहरुले खाली लेखि मात्र रहादा नैराश्य आउन सक्छ । जसलाई ऊर्जा प्रदान गर्ने काम पुरस्कारले गर्छ । पुरस्कारले साहित्यकारमा हौसला बढाउाछ । तर नेपाली साहित्यमा त्यस्तो प्रवृत्ति देखिएको छैन ।

नेपाली साहित्यलाई विश्वव्यापी बनाउन के गर्नुपर्ला ?

नेपाली साहित्यलाई विश्वव्यापी बनाउन राज्यको प्रमुख हात रहन्छ र रहनुपर्छ । भाषाका कारणले पनि नेपाली साहित्य विश्वदेखि टाढा छ । यस समस्यालाई अनुवादको व्यवस्थाद्वारा हटाउन सकिन्छ । विश्वमा हाम्रोभन्दा पनि कमजोर देश र रचनाले विश्वव्यापीकरण प्राप्त गरेको छ । राज्यले साहित्यलाई पनि एउटा अङ्गका रुपमा लिन सक्नुपर्छ । पाठकले पनि साहित्य पढेर के लिन सकिन्छ भन्ने मान्यता लिएर पढ्नुपर्छ । लेखकले पनि विश्वव्यापीकरणको चेतना र मान्यताका आधारमा साहित्य लेख्नुपर्छ । खाली आत्मसन्तुष्टिको लागि मात्र साहित्य लेख्नुहादैन ।

नवप्रवेशी साहित्यकारलाई के सुझाव दिनुहुन्छ ?

अहिले साहित्यमा केही गर्छु भन्नेका लागि राम्रो समय हो । जसलाई म भाग्यमानी पनि मान्छु । साहित्य मात्र लेखेर बााच्ने स्थितिचाहि नहोला तर पनि नयाा पुस्ताले साहित्य लेख्दाखेरी नयाा विचार र पाठकको भावनाअनुसार लेखेको खण्डमा पक्कै सफलता मिल्छ ।

नोबेल पुरस्कार विजेता १९९२

डेरेक वाल्कट

भोगेन्द्र लिङदेन

स्विडिस एकेडेमीले सन् १९९२ को साहित्यतर्फको नोबेल पुरस्कार अफ्रिकन अमेरिकी मूलका कवि तथा नाटककार डेरेक वाल्कटलाई प्रदान गऱ्यो । साहित्यसेवामार्फत क्यारेबियन क्षेत्रको संस्कृति एवं यसको मौलिक पहिचानलाई विश्वसामु पुऱ्याउन लामो योगदान गरेका वाल्कट नोबेल पुरस्कार पाउादा ६२ वर्षका थिए ।

वाल्कटको जन्म सन् १९३० मा तत्कालीन ब्रिटिस उपनिवेशअन्तर्गत रहेको सेन्ट लुसिया टापुमा भएको थियो । कहिले बेलाईत र कहिले फ्रान्सको उपनिवेश रहेको सेन्ट लुसियामा बेलाईती र फ्रान्सेली संस्कृतिको मिश्रण थियो । वाल्कटका पुर्खाहरु पनि ठिमाहा प्रजातिका थिए । उनका दुवै हजुरआमाहरु अफ्रिकन मूलका दासी थिए । आफ्ना बुबाआमाका जुम्ल्याहा सन्तानका रुपमा जन्मेका वाल्कट एक वर्षको हादा नै उनको बुबाको मृत्यु भइसकेको थियो । उनकी आमा सहरको एक धार्मिक स्कुलमा शिक्षिका थिइन् ।

वाल्कटले आफ्नो पढाइ सेन्ट लुसियाकै सेन्ट मेरिज कलेज र जमैकाको वेस्ट इन्डिज विश्वविद्यालयमा पूरा गरे । स्नातक तहको पढाइ पूरा गरेपछि उनले सन् १९५३ मा ट्रिनिडाड गएर नाटक एवं कलाको समालोचक भएर काम गरे । विश्वविद्यालयमा अध्ययनरत रहादा उनले त्यहााबाट प्रकाशित विद्यार्थी पत्रिकाको सम्पादन गर्नुका साथै मोना नाटक समाजको अध्यक्ष पनि बने ।

हुने विरुवाको चिल्लो पात भनेझैं वाल्कटले १४ वर्षको उमेरमै कविता प्रकाशित गरिसकेका थिए । सोह्र वर्षको उमेरमा उनले पााचओटा नाटक लेखिसकेका थिए । सन् १९४८ मा उनी अठार वर्षको हादा प्रथम कवितासङ्ग्रह ट्वेन्टिफाइभ पोयम्स प्रकाशित भयो । बीस वर्षको उमेरमा उनले आफ्नै एक नाटक कम्पनीको स्थापना गरे । सेन्ट लुसिया आर्टस गिल्ड नामको यस नाटक कम्पनीको सुरूआती वर्षमा वाल्कटद्वारा लिखित हेनरी क्रिस्टोफ भन्ने नाटक प्रदर्शन गरियो । यो नाटक सेन्ट लुसियाकै छिमेकी क्यारिबियन टापु हाइटीको औपनिवेशिक इतिहाससाग सम्बन्धित थियो ।

वाल्कटको जीवनका अधिकांश समय गृहनगरमा बित्यो । ट्रिनिडाडमा लेखकका रुपमा एवं बोस्टन विश्वविद्यालयमा 'साहित्य र रचनात्मक लेखन' विषयको शिक्षकका रुपमा उनले काम गरे । भ्रमणका सौखिन वाल्कटले धेरै छिमेकी मुलुकहरुको भ्रमण गरे । उनको भ्रमणको उद्देश्य आदिवासी वेस्ट इन्डियनहरुसाग सम्बन्धित नाटक सिर्जना गर्नु मात्र नभएर क्यारिबियन समाजमा व्याप्त अफ्रिकन, एसियन र युरोपियन देशहरुसागको सांस्कृतिक सम्मिश्रणको अध्ययन गर्नु पनि थियो । त्यसैकारण उनको जीवन र लेखनमा ब्रिटिस उपनिवेश रहेको ज्वालामुखी प्रभावित टापुमा हुर्कादाको अनुभवले गहिरो प्रभाव पारेको पाइन्छ ।

उनका नाटक तथा कवितामा पाइने मुख्य विशेषता भनेको नै उनको आफ्नो परिचयको खोजी हो । सुरूदेखि नै वाल्कट आफ्नो टापुको पुरानो संस्कृति र साम्राज्यवादी मुलुकहरुबाट भित्रिएको नवसंस्कृतिबीचको द्वन्द्वका विरोधी थिए । विभिन्न धर्म, भाषा तथा संस्कृतिबीचको द्वन्द्वलाई नजिकबाट अनुभव गरेका वाल्कटका कवितामा पूर्णताको अभाव, घाइते निर्दोषपन एवं मनोवैज्ञानिक विभाजनको आभाष पाइन्छ । उनका लेखनले क्यारिबियन मौलिक पहिचानमादेखिएका कठिनाइहरुलाई अभिव्यक्ति दिन्छन् । कविता र नाटकका अतिरिक्त उनले केही निबन्ध लेखे । 'गोधूलीले के भन्छ ?' शीर्षकको निबन्धमा उनको नाटकप्रतिको अभिरुचि छ ।

डेरेकका २० ओटाभन्दा बढी कविताकृति र दसओटा जति नाटक प्रकाशित छन् । उनका केही पठनीय कविताकृतिहरुमध्ये सेलेक्टेड पोयम्स (१९६४), द कास्ट अवे एन्ड अदर पोयम्स (१९६५), द गल्फ एन्ड अदर पोयम्स (१९६९), अनदर लाईफ (१९७३), सि ग्रेप्स (१९७६), द फर्चुनेट ट्राभलर (१९८१), मिड समर (१९८४), द अर्कान्सस टेस्टामेन्ट (१९८७), द प्रोडिगल (२००४) आदिलाई लिन सकिन्छ । यस्तै गरी उनका चर्चित नाटकहरुमा हचारी डर्नियर (१९५२), डिम अन मङ्की माउन्टेन एन्ड अदर प्लेज (१९७०), द जोकर अफ सेभिल एन्ड ओ बेबिलोन (१९७८), थ्रि प्लेज (१९८६), द ओडेसी (१९९३), द हाइटियन ट्रिलोजी (२००२) र वाकर एन्ड द घोस्ट डान्स (२००२) आदि पर्दछन् ।

वाल्कटका कविता तथा नाटकका बारेमा थुप्रै समालोचकहरुले पुस्तक लेखे । उनका लेखनलाई मूल्याङ्कन गर्दै लेखिएका यस्ता पुस्तकले डेरेकका बारेमा अझ बढी प्रकाश पारे । त्यस्ता केही पुस्तकमध्ये ब्रुस किङको डेरेक वाल्कट र वेस्ट इन्डियन ड्रामा, पाउला बर्नेटको डेरेक वाल्कट : पोलिटिक्स एन्ड पोयटिक्स र पल ब्रेस्लिनको नोबडिज नेसन : रिडिङ डेरेक वाल्कट आदिलाई लिन सकिन्छ ।

उपन्यास-अंश

निर्मूल्य

धीरकुमार श्रेष्ठ

बुबाकी आँखाका रातीगेडीले मभित्र उहाँले देख्नुभएका अनन्त सम्भावनाहरु साकार हुादै गए । सफल हुादै गएका सम्भावनाका कारण नै चर्चाको केन्द्रमा थिए । बाटोमा हिड्नु मात्र पर्थ्यो, सबैका आाखा मउपर तानिन्थे । सबैका ध्यान मतिर तानिन्थे । मेरा लागि बाटो, बाटो नभएर गलैचा ओछ्याएका नरम चउर हुन्थे । त्यसमा म आफुखुसी विचरण गर्न सक्थो ।

मभित्र उहााले अनन्त विश्वास देख्नुहुन्थ्यो । बलियो विश्वासको द्वार उहाँकै आँखाको बाटो भएर खुल्थ्यो । त्यसलाई पनि मैले डगमगिन दिइना । साकार पारो । यसैले पनि अरुभन्दा बुबाकी प्रियपात्र थिएँ । त्यति मात्र होइन, मेरा लागि पनि बुबाभन्दा प्रिय अरु थिएनन् ।

सानो ठाउा । कुरा फैलिन बेर नलाग्ने । कसैका कुरा कसैका अगाडि गोप्य हुादैनथे । झन् सार्वजनिक रुपमा प्राप्त गर्दै गरेका सफलता लुक्ने कुरा भएन । कतिपय अवस्थामा सार्वजनिक

हुनुभन्दा अगाडि एक कान दुई कान मैदान भइसक्थ्यो । परिणाम आउनुभन्दा अगाडि नै शुभकामना र बधाइ पाइसक्थो । यसको कारण थियो, मैले स्कुल स्तरका प्रत्येक कक्षामा प्राप्त गर्दै गरेको सफलता । सफलता पनि लरतरो होइन, अब्बल दर्जाको । मैले पाएको सफलताको छेउछाउ पुग्ने कोही हुादैनथे । यसैले सफलमध्येको सर्वोच्च थिएा । यही सर्वोच्चताको लगातारको अविजित क्षणले मलाई चर्चाको केन्द्रमा पुऱ्यायो । चर्चाको केन्द्रले मलाई सबैको प्रियपात्र बनायो । सबैको प्रियपात्रमध्ये बुबाकी अधीक थिएा । यही कारण मेरी आमा मबाट तर्किन्थी । जसलाई मैले झन् उत्कर्षमा पुऱ्याएा बुबाको झन् नजिक भएर ।

उनी प्यारा बुबाको मृत्युले मलाई भित्रैदेखि हल्लायो । जीवनमा पहिलोपल्ट देखेको आफन्तवियोगले म हल्लिनु हल्लिएा । कहिले एक्लोपनको महसुस नगरेको मैले जीवनमा पहिलोपल्ट एक्लोपनको महसुस गरो । बुबाबाहेक अरु सबै भएर पनि कोही नभएको अनुभूति यति तीव्र भयो कि मैले आफूलाई सम्हाल्ने सकिना । सम्हाल्नु नसकेको त्यही क्षणको उपयोग उसले गऱ्यो । उसले अर्थात् पहिलो प्रेमीले ।

वातावरणमा फैलिएको सुगन्धले उसलाई सबभन्दा बढी आकर्षित गरेछ । त्यही कारण मेरो वरिपरि उसले वृत्त बनाएको रहेछ । त्यही वृत्तमा म परेको रहेछु । म जहााजहाा गयो त्यहीत्यही वृत्त सार्दै हिाड्दो रहेछ । सरिरहेको वृत्तको भेउ मैले पाइनछु । तर बुबाको असामयिक मृत्युका बेला उसले त्यो वृत्तलाई कसिलो पारेछ । त्यही कसिलो वृत्तमा मैले पहिलोपटक बुबापछिको न्यानो महसुसु गरो । बुबाको अभावलाई त्यस वृत्तले पूरा गर्न सक्ने ठान्न पुगो । यही कारण उसमा बुबाको प्रतिरुप देख्न थालो । बुबाको अभावमा रिक्त स्थानहरु उसले पूर्ति गर्ने बलियो विश्वास ममा जम्दै गयो । बुबाको अभावले खनेका खाडलहरु उसबाट भरिने विश्वास ममा जाग्दै गयो । यस्ता अनुभूति दिन ऊ सफल भयो । उसको सफलताले ममा जीवनको लक्ष्य पहिलोपटक भेटेको विश्वास भयो । बुबाबाट प्राप्त हुन बााकी भविष्य ऊ नै हो भन्ने टुङ्गोमा पुगो ।

उसमा ती सबै कुरा देखो, जो बुबाभित्र देख्थो । यसअतिरिक्त थप शक्ति र ऊर्जा उसमा थपियो । उसका हरेक क्रियाकलापभित्र आकर्षण देख्थो । अनौठो आकर्षण । जीवनमा पहिलोपटक कुनै कुराले यति बढी आकर्षित गऱ्यो कि त्यसको यथातथ्य वर्णन गर्न असमर्थ भएा । कसैका अगाडि हार खाने बानी नपरेको मलाई उसका अगाडि 'हारुा-हारुा' भयो । हार्दाको पीडाभन्दा पनि हार्नुको आनन्द महसुस होलाजस्तो भयो । मीठो मादकताले लठ्याउादै गयो । म लठ्ठिादै गएा ।

लठ्ठिनुलाई उसले मेरो समर्पणभन्दा पनि आफ्नो सफलताका रुपमा लियो । खेल जित्ने खेलाडीका रुपमा आफूलाई प्रस्तुत गर्न थाल्यो । यसैका लागि उसले संवेदनाको विनिमय गर्ने महत्वपूर्ण अवसरका रुपमा बुबाको मृत्युलाई रोजेको रहेछ । अरु समय आकर्षित गर्न नसकेपछि त्यही पग्लिादो क्षणलाई नगदमा रुपान्तरण गर्ने सोचेको रहेछ । अरु बेला वृत्तमा कस्न नसकेपछि त्यही संवेदित संवेदनालाई मनजिक पुग्ने माध्यमका रुपमा उपयोग गरेको रहेछ । यी सबै कूटिलताहरुबाट म टाढा थिएा । 'आा' भन्दा 'अलङ्कार' बुझ्ने बालककालदेखिको अद्वितीय चेतनाउपर पनि पर्दा हाल्न ऊ सक्षम भएको रहेछ ।

जब यस कुराको बोध भयो, जीवनमा पहिलोपटक चिमोटिएा । चिमोटिएकी म ऊसाग संलग्न टाासिइरहन सकिना । उसको क्याक्टस रुपले घोच्न थाल्यो । जुन वाणीमा अनन्त भविष्य देख्थो, त्यसैमा शूल बिझ्न थाल्यो । बिझ्न थालेका त्यही समयदेखि उसबाट विच्छेदित भएा । विच्छेदित म जीवनमा फेरि एक्लो भएा । एक्लोपन बिझ्थ्यो । तर त्यसैमा आफूलाई अभ्यस्त बनाउन प्रयत्नरत थिएा ।

यति हुादाहुादै पनि मेरो सर्वोच्चतालाई कसैले हल्लाउन त के छुनसम्म सकेनन् । संवेदनाले भिजेका अजस्र प्रवाहमा समेत मैले आफूलाई अब्बल प्रमाणित गर्दै गएा । यसले केही हदसम्म भए पनि बुबाको अभावपूर्ति त गऱ्यो तर जुन आयतनमा गर्नुपर्थ्यो, त्यति होइन । यसैले अभावको त्यो रिक्त स्थान रित्तो थियो । रित्तो त्यो स्थान कसैको प्रतीक्षामा टोलाएको थियो । त्यो टोलाउनुमा मीठो झङ्कार थियो । जुन झङ्कारले जस्तै असमञ्जसपूर्ण अवस्थामा पनि तरङ्ग तरङ्गित गर्थ्यो । त्यही तरङ्गमा तरङ्गित हुन्थो । बहन्थो । बहनुको मजा पौडनुभन्दा अतिरिक्त थियो ।

समीक्षा

## वर्जित अवशेष : विष्फोटित समयको दस्तावेज

ज्ञानु विद्रोही

जे गर्नु छ
म बिउाझिनुअघि नै गर
म बिउाझिएपछि
मैले गुमाएका
एक-एक कुराहरु फिर्ता चाहिन्छ

(पेज २७, बिउाझिनुअघि)

कवि केशवराज सिलवालले जुन परिवेशमा भनेका भए तापनि अन्ततः जनता बिउाझिसकेका छन् । अब उसले एक-एक हिसाब चुक्ता गर्दै जानेछ । सदियौंदेखि खोसिएको स्वतन्त्रता र गुलामीजन्य बाध्य श्रमको क्षतिपूर्ति लिएरै छाड्नेछ । अब फेरि ऊ आफ्नो अस्तित्व जोखिममा राखेर भजन गाउनेछैन । ऊ आफनै हातले नयाा इतिहास लेख्न बिउाझिएको हो । अब फेरि निदाएर अर्को भूल गर्नेछैन । बरू निदाउादाको पूर्वइतिहास कुनै सङ्ग्रहालयमा सुरक्षित राख्न ऊ राजी छ । त्यसैले त ऊ नयाा बिहानी बोकेर बिउाझिएको हो, जहाा कलुषित इतिहासका अवशेषलाई वर्जित गरिएको छ । तिनै वर्जित तत्वहरुको सार्वजनिक घोषणा हो कवि केशवराज सिलवालको कवितासङ्ग्रह वर्जित अवशेष ।

यो वर्तमानको चित्र हो, जहाँ लाठीहरु बर्साइएका छन्, गोलीहरु पड्काइएका छन् । एउटालाई बचाउनका लागि लाखौंलाई हावामा उडाइएको छ । रक्तमा पल्किएको परजीवी जब सीमा नाघेर चुसिरहन्छ निश्चय नै ऊ स्वयं विष्फोटित हुन्छ । आखिर भयो पनि त्यस्तै । समय स्वयं विष्फोटित भयो । हिजोका सबै परिघटनाहरुलाई अभिलेखका रुपमा राख्दै देश नयाँ कालखण्डमा होमियो । तिनै अभिलेखहरुको साङ्गोपाङ्ग अध्ययन हो केशवराजको वर्जित अवशेष ।

सङ्गृहीत चालीस कवितामध्ये अधिकांशमा घाइते वर्तमान ऐनामा झैं परावर्तित छ । अतृप्त भैरवको नाङ्गो पसल राखेर चारैतिर बसेका महानायकका पुजारीहरुको एउटा महोत्सव भोको मानिस बिउँझिउनुअघिसम्म मात्र हो । जब उनीहरु भुसको आगो भएर सल्किन्छन् अनि कालो डाबर भएका पहेंला मानिसका जत्थालाई पर्खालभित्रै धूवाँ बनाउनेछन् र चिहानडाँडा बनेका प्रत्येक दरबारमाथि आफ्नो परिचय विरुद्ध धावा बोल्नेछन् । हरेक बूढो अनुहारले भन्ने निचोड उनका कविताहरुको हो ।

समग्रमा स्वअस्तित्वका लागि लडिएको लडाइाको दस्तावेज हो यो कृति । परिणामतः कतिपय आवाजहरु नारामय नबनेका हैनन् । तर त्यसलाई पनि उचित बिम्बसंयोजन र अभिव्यक्ति कौशलले गौण बनाइदिएका छन् । विचारको खुल्ला बहस र असन्तुष्टिको सटिक प्रहारले कृतिलाई अझ सुन्दर र ओजपूर्ण बनाएको छ । त्यसैले भ्रमैभ्रमभित्र बाँचेर बाँच्नुको मोडलिङ गरिरहेका हरेक नेपालीका निम्ति एउटा निर्दिष्ट लक्ष्य यसले कोरिदिएको छभन्दा धेरै हाुदैनहोला ।

कृतिसमीक्षा

आगोमा उम्रिएको दुबो<br>अरुणबहादुर खत्री 'नदी'<br>सामाखुसीमार्ग, काठमाडौं

आगोमा उम्रिएको दुबो कवि एवं गजलकार मनोज न्यौपानेको कवितासङ्ग्रह हो । यसभित्र पैंतीसओटा कविता छन् । बादशाहहरु मस्तिष्कको मृत्यु नभएकामा धेरै चिन्तित छन् र ढढाउन खोज्छन् स्वतन्त्रताका चरीहरुलाई । चरी भने डढ्नुको सट्टा हरियो दुबो भएर उम्रिरहन्छ कालो आगोमा । यस्तै अभिव्यक्तिका साथ न्यौपानेले आगोमा उम्रिएको दुबो नामक सङ्ग्रह निकालेका छन् ।

यसभित्र गद्य शैलीका लामाछोटा कविता छन् । तर आफ्नै खालका मिठास तिनका ताल र लयमा पाइन्छन् । अझ भन्नुपर्दा आफ्नै भाका यहाँ छन्द बनेका छन् । 'सिपाहीकी पत्नीको आकाश' नामक कवितामा एउटा सिपाहीकी पत्नीको आकाश, त्यहाँ केही छैन, जूनताराहरु मरे-बाँचेको कुनै खुटखबर छैन भन्ने अभिव्यक्ति कविले दिएका छन् ।

कविताहरुका बीचमा एकआपसमा समन्वय मात्र होइन, आजका साहित्यिक माहौलमा कविहरुका बीच मैत्रीभाव रहनु अत्यावश्यक छ । कवि न्यौपानेका कविता बहुल प्रकृतिका छन् तर ती पठनीय छन् । कवि अभावमा छन् । अर्काको कुरा काट्ने बानी छ भने तपाईंलाई समय काट्न सजिलो हुन्छ, तपाईंका लागि ऊ राम्रो विषय बन्न सक्छ आदिजस्ता भावअभिव्यक्त छन् 'अभावमा कवि' कवितामा । पाँच पृष्ठको यस कविताले आर्थिक र सामाजिक पक्षलाई अगाडि ल्याएको छ । पर्खाल विश्वास ढलेपछि मात्र उभिन सक्छ आफ्नै मनले उभिंदैन भनेर लेखिएको छ 'पर्खाल' कवितामा । बन्दुकको भुमरीमा नागरिक जीवन तहसनहस भएको देखेर कवि दुःखी छन् । नागरिकको बाँच्न पाउने अधिकारसमेत हनन भएको देखेर कवि आहत छन् ।

कृति : आगोमा उम्रिएको दुबो<br>
विधा : कविता<br>
कृतिकार : मनोज न्यौपाने<br>
प्रकाशक : वनिता प्रकाशन<br>
प्रकाशन वर्ष : २०६२<br>
संस्करण : प्रथम<br>
पृष्ठ : ७२<br>
मूल्य : १०१। -

काम सानो ठूलो भन्ने हुँदैन । पसिनाको कुनै रङ र जात पनि हुँदैन । काम गरेर खान लजाउनु पनि हुँदैन । चोरेर, ढाँटेर, छलेर, लुटेर खान पो लजाउनुपर्छ । जो जहाँ रहेर जुन काम गर्छ ऊ त्यसैमा रमाउनुपर्छ, गौरव गर्नुपर्छ र समर्पित भएर गर्नुपर्छ । काम नै शक्ति हो, भक्ति हो र मुक्ति हो । कामको इज्जत गरौं, पसिनाको सम्मान गरौं ।

नेपाल सरकार<br>
सूचना तथा सञ्चार मन्त्रालय<br>
सूचना विभाग

शारदा, अक्षर, अभिव्यक्ति, जनमत, जुही, तन्नेरी, दायित्व, दोभान, नागार्जुन, प्रज्ञापन, फित्कौली, बगर, भानु, मनोभाव, यथार्थ कुरा, रचना, वनिता, शब्द-संयोजन आदि पत्रिकाहरु अध्ययन गरी साहित्यिक स्वादको परख गर्नुहोस् ।<br>
सौजन्य : शब्दाङ्कुर

आर्थिक क्षेत्रका गतिविधिहरु थाहा पाउन र आफ्नो व्यापार व्यवसाय वृद्धि गर्न प्रत्येक हप्ताको विहिवार प्रकाशित हुने उदय आर्थिक पत्रिका पढ्नुहोस् ।

प्राप्ति स्विकार
कालिञ्चोक सन्देश, वर्ष २, अङ्क ५९ र ६३, दोलखा
नवआलोक, पूर्णाङ्क २०, रामेछाप
गौरव, पूर्णाङ्क १७, बैतडी

## समाचार

### विशेषाङ्क प्रकाशित हुने

पााचथर । सामना साहित्यिक पत्रिकाले दसैतिहारका अवसरमा रुवाइ विशेषाङ्क निकाल्ने भएकोले पासपोर्ट साइजको फोटोसहित दुई प्रति रुवाइ माङसराङ ४, त्रिवेणीचोक, वासागुको ठेगानामा सम्प्रेषण गर्न अनुरोध गरेको छ ।

### कृति विमोचित

काठमाडौ । इन्द्रेणी साहित्य समाजका अध्यक्ष चन्द्र खड्काको सभापतित्व तथा डी.पी. भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा मोहन चापागाईंको निबन्धकृति 'कुनाकानीको मान्छे' को विमोचन गरियो । भोजराज न्यौपानेले स्वागत भाषण गर्नुभएको कार्यक्रममा अमरकुमार प्रधानले मन्तव्य राख्ने क्रममा नेपाली साहित्यमा दोलखालीका तर्फबाट साहित्यमा दिइएको योगदानको चर्चा गर्दै निबन्धकार र निबन्धकृतिका बारेमा प्रकाश पार्नुभयो । चापागाईंका निबन्धमा व्यङ्ग्यविनोद, भावना र इमान्दार अभिव्यक्ति पाइने विचार उहााको थियो । स्वयं निबन्धकारले रचनागर्भका बारेमा बोल्नुभयो । जागिरका सिलसिलामा दुर्गम ठाउाहरु पुग्दा देखिएका कहालीलाग्दा र पीडादायी अवस्थितिको अभिव्यक्ति निबन्धमा भएको विचार उहााको थियो । डा. गोविन्दराज भट्टराईले निबन्धहरु स्थानपरक, नियात्रात्मक, घटनापरक र निम्नवर्गीय जनजीवनको यथार्थलाई अभिव्यक्त गर्ने खालका छन् भन्नुभयो । उहााले निबन्धका त्रुटिपक्षका बारेमा समेत चर्चा गर्नुभयो । शैलेन्द्र साकारले निबन्धहरु आकर्षक शैली र शब्दको सार्थक प्रयोग गरी कवितात्मक बान्कीमा लेखिएको छ भन्नुभयो । यसै गरी डी.पी. भण्डारीले कृत्रिमता र सजावटविहीन लेखन भनी चर्चा गर्नुभयो । कार्यक्रमको उद्घोषण श्रीबाबु कार्की 'उदास'ले गर्नुभएको थियो ।

### राष्ट्रिय गजल महोत्सव

१४२ औा मोति जयन्तीका अवसरमा अनाम मण्डलीका अध्यक्ष सुरेश सुवेदीको सभापतित्व तथा नेपाल सरकारका मुख्य सचिव एवं गजलकार भोजराज घिमिरेको प्रमुख आतिथ्यमा आयोजना गरिएको 'राष्ट्रिय गजल महोत्सव, २०६४' मा नेत्र एटमले 'नेपाली गजल भूत, वर्तमान र भविष्य', डा. घनश्याम न्यौपानेले 'नेपाली गजलमा प्रयुक्त लय र बहरहरु' र सङ्गीतकार बुलु मुकारूङले 'नेपाली सङ्गीत र गजल' शीर्षकका कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तोता एटमले गजलमा प्रहार अथवा छुने क्षमता हुनुपर्ने तथा सम्पूर्ण गजल पढिसक्दा एक पङ्क्ति मात्र सम्झना हुन्छ भने त्यसमा प्रहार क्षमता छ भनी बुझ्नुपर्ने बताउनुभयो । गजलकार र समालोचक एउटै व्यक्ति हुादा स्तरीयता आउन नसकेको विचार उहााको थियो । उक्त कार्यपत्रका सबल र दुर्बल पक्षका बारेमा गजलकार विजय सुब्बाले टिप्पणी गर्नुभयो । डा. न्यौपानेले नेपालीमा ४ किसिमका बहर प्रयोग हुादै गरेको र गजलमा गेयता हुनुपर्ने भनी प्रस्तुत गर्नुभएको कार्यपत्रमा समालोचक देवी नेपालले टिप्पणी गर्दै नेपालीमा ७ ओटा लयमा गजल प्रस्तुत भइसकेको प्रमाण पेस गर्नुभयो । तेस्रो कार्यपत्रमा टिप्पणी गर्दै डा. कृष्णहरि बरालले अरबबाट सुरू भएको गजल सङ्गीत हो कि काव्य रुप भन्ने सन्दर्भमा गजलको काव्य रुपलाई सङ्गीतले थिच्न नहुने मान्यता गजल गायनका प्रसङ्गमा चर्चित छ भन्नुभयो । कार्यक्रमको औचित्यमाथि प्रभातिकिरणले प्रकाश पार्नुभएको महोत्सवमा स्वागतगजल जीत कार्कीले एवं गजल वाचन नारायण निरासी, रेणुका भट्ट, राजेन्द्र थापा र विवश बलिभद्र कोइरालाले गर्नुभयो । महोत्सवलाई गजलकार ज्ञानुवाकर पौडेलले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

प्रस्तुति - भवानी श्रेष्ठ